**प्रदेश लोक सेवा आयोग**

**कर्णाली प्रदेश**

**प्रदेश अन्तर्गतका प्राविधिक तर्फ नेपाल शिक्षा सेवा, पुरात्व समूह, संग्रहालय उपसमूह सहायक पाँचौं तह, संग्रहालय पथ प्रदर्शक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

पाठ्यक्रमको रुपरेखाः— यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छः

लिखित परीक्षा पूर्णाङ्कः— १००

अन्तर्वार्ता पूर्णाङ्कः— २०

प्रथम चरणः- लिखित परीक्षा योजना (Examination Scheme)

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या X अङ्क भार | समय |
|---|---|---|---|---|---|
| सेवा सम्बन्धी | १०० | ४० | वस्तुगतः बहुवैकल्पिक (Multiple Choice) | ७० प्रश्न X १ अङ्क = ७० | १ घण्टा ३० मिनेट |
| | | | विषयगतः छोटो उत्तर (Short Answers) | ६ प्रश्न X ५ अङ्क = ३० | |

द्वितीय चरण

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| व्यक्तिगत अन्तर्वार्ता | २० | मौखिक |

<u>द्रष्टव्यः</u>

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनसक्नेछ ।

२. लिखित परीक्षाको वस्तुगत र विषयगत प्रश्नहरुको लागि छुट्टा छुट्टै उत्तरपुस्तिका परीक्षा सुरु हुनु अगावै दिइनेछ। परीक्षार्थीले वस्तुगत र विषयगत प्रश्नहरुको उत्तर सम्बन्धित उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

३. पाठ्यक्रमका एकाईवाट निम्नानुसार प्रश्नहरु सोधिनेछन् ।

| एकाई | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वस्तुगत | १५ | ५ | ४ | ३ | ३ | ५ | ८ | ५ | ८ | ३ | ३ | ४ | ४ |
| विषयगत | १ | १ | | १ | | | १ | | | १ | | १ | |

४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको उत्तर सही दिएका प्रत्येक सही उत्तर बापत १ (एक) अङ्क प्रदान गरिनेछ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

५. यस पाठ्यक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

६. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सम्मिलिन गराइनेछ ।

७. पाठ्यक्रम लागू मितिः– २०७८।९।२४

**पत्र/विषयः- सेवा सम्वन्धी**

१. इतिहास

१.१. इतिहासको परिचय (Introduction to History)

१.१.१. इतिहासको अर्थ (Meaning of History)

१.१.२. इतिहासका श्रोतहरु (Sources of History)

१.१.३. नेपाली इतिहासको काल विभाजन

१.२. लिच्छविकालीन नेपाली राजनैतिक एवं सामाजिक इतिहास बारे जानकारी

१.३. पूर्व मध्यकालीन नेपाली इतिहास बारे जानकारी

१.३.१. पूर्व मध्यकालीन नेपाल उपत्यकाको राजनैतिक र सामाजिक इतिहास

१.३.२. कर्णाली प्रदेशको खस राज्यको इतिहास र नेपालको इतिहासमा खस मल्लहरुको देन

१.३.३. सिमरौनगढका कर्णाटवंशी राजाहरुको संक्षिप्त इतिहास नेपालको इतिहासमा उनीहरुको देन

१.४. मध्यकालीन तथा आधुनिक नेपालको इतिहास बारे जानकारी

१.४.१. मल्लकालीन काठमाडौं उपत्यकाको राजनैतिक र सामाजिक इतिहास

१.४.२. बाईसे चौबीसे राज्यहरुको संक्षिप्त जानकारी

१.४.३. गोरखाको इतिहास, श्री ५ पृथ्वीनारायण शाह र नेपालको एकीकरण अभियान

१.४.४. सुगौली सन्धि

२. पुरातत्व

२.१. पुरातत्व सम्बन्धी सामान्य जानकारी

२.२. नेपालका महत्वपूर्ण पुरातात्विक उत्खनन स्थलहरु र पुरातात्विक अवशेषहरु

२.३. संग्रह्मलयको परिभाषा, प्रकार र नेपालमा संग्रहालय विकासक्रम

२.४. प्रदेश संग्रहालय तथा अभिलेखालय सम्बन्धी सामान्य जानकारी

२.५. पुरातात्विक वस्तुहरुको अभिलेख वन्दोवस्त र संरक्षण

२.६. कर्णाली प्रदेशका ऐतिहासिक तथा पुरातात्विक महत्त्वका स्थल र वस्तुहरु

२.७. कर्णाली प्रदेशको इतिहास र पुरातत्व सम्बन्धी अध्ययनमा योगी नरहरीनाथको देन

३. नेपालका निम्न जातजातिहरुको बसोबास क्षेत्र, धर्म, संस्कार र रीतिस्थितिहरु बारे सामान्य जानकारी

३.१. किराँत

३.२. राजवंशी

३.३. धिमाल

३.४. थारु

३.५. नेवार

३.६. गुरुङ्ग

३.७. मगर

३.८. शेर्पा

३.९. तामाङ्ग

३.१०. लामा

३.११. राजी

३.१२. राउटे

४. हिन्दु धर्म र दर्शन

४.१. हिन्दु र बौद्ध दर्शनको उत्पत्ति र विकास

४.२. हिन्दु र पाश्चात्य दर्शनका केही मुख्य भिन्नताहरु

४.३. वैदिक र उपनिषद् साहित्यहरुको सामान्य परिचय

४.४. शैव, वैष्णव, शाक्त, सौर्य, गणपत्य र मष्टोसंप्रदायहरुको उत्पत्ति र विकास

५. वौद्ध धर्म र दर्शन

५.१. भगवान बुद्धको जीवनी

५.२. बुद्धका उपदेशहरु (चतुआर्य सत्य र अष्टाङ्गिक मार्ग)

५.३. निर्वाण एवं बोधिसत्व सम्वन्धी धारणा, बुद्ध धर्मका विभिन्न सम्प्रदाय (हिनयान, महायान, वज्रयान,तन्त्रयान)

५.४. उत्तरी नेपालमा बौद्ध धर्मको विकास र सम्प्रदाय

६. नेपाली सामाजिक व्यवस्था

६.१. बौद्ध मार्गी

६.२. शैव मार्गी

६.३. वर्ण आश्रम व्यवस्था

६.४. हिन्दु र बौद्ध समाजमा प्रचलित संस्कारहरुः— जन्म, नामाकरण, क्षौर, चुडाकर्म, उपनयन, बिबाह, अन्त्येष्ठि

६.५. प्राचीन र मध्यकालीन नेपालमा शिक्षाको विकास तथा प्रचारप्रसार

६.६. बज्रयान बौद्ध समाजमा प्रचलित पञ्चदान र अष्टमी व्रत परम्परा

६.७. कर्णाली प्रदेशमा मनाइने प्रमुख सांस्कृतिक चाडपर्वहरु

७. नेपाली मूर्तिकला

७.१. मौर्य, गान्धार, मथुरा, गुप्त, पाल—सेन, कला शैलीको परिचय र नेपाली मूर्ति कलाको विकासमा तिनीहरुको प्रभाव

७.२. पूर्व लिच्छविकालको मूर्तिकला र तिनका प्रमुख विशेषताहरु

७.३. लिच्छवि र मल्लकालीन नेपाली प्रस्तर, धातु, काष्ठ र मृत्तिका मूर्तिहरुको विशेषता

८. नेपाली चित्रकला

८.१. नेपाली चित्रकलाको प्रारम्भिक चरणको अध्ययन

८.२. राजपुत, मुगल र पहारी चित्रकला शैलीको परिचय र नेपाली चित्रकलाको विकासमा तिनीहरुको प्रभाव

८.३. नेपाली भित्ते चित्र र पौभा चित्रहरुको परिचय

८.४. मिथिला चित्रकलाको परिचय र विशेषता

९. नेपाली वास्तुकला

९.१. नेपाली बहुछाने (Multi roofed) शैलीको मन्दिर वास्तुकलाको उत्पति र विकास

९.२. शिखर शैलीका मन्दिर वास्तुकलाको उत्पत्ती र विकास

९.३. स्तुप वास्तुकलाको उत्पत्ती र विकास

९.४. नेपाली विहार वास्तुकलाका विशेषताहरु

९.५. नेपालमा दरबार वास्तुकलाको इतिहास एवं हनुमानढोका, पाटन, भक्तपुर, गोरखा र नुवाकोट दरबारहरुको परिचय र महत्व

९.६. कर्णाली प्रदेशका परम्परागत आवासीय घरहरु, पाटी, धर्मशाला, ढुङ्गेधारा, जलद्रोणहरुको वास्तु स्वरुप बारे जानकारी र परिचय

१०. नेपालमा प्रचलित लिपिहरु सम्बन्धी सामान्य जानकारी

१०.१. ब्राह्मी लिपि

१०.२. लिच्छवी लिपि

१०.३. नेवारी लिपि

११. विश्व सम्पदा सूचीमा समावेश स्मारकहरु

११.१. विश्व सम्पदा सूचीमा समावेश काठमाडौं उपत्यकाका स्मारक एवं स्मारक क्षेत्रहरु र लुम्बिनीको परिचय

११.२. लुम्बिनी, कपिलवस्तु र कर्णाली प्रदेशका महत्वपूर्ण पुरातात्विक भग्नावशेषहरु

१२. सेवा सम्बन्धी ऐन—नियम

१२.१. नेपालको संविधानमा रहेका इतिहास र संस्कृति सम्बन्धी व्यवस्था

१२.२. प्राचीन स्मारक संरक्षण ऐन, २०१३

१२.३. प्राचीन स्मारक संरक्षण नियमावली, २०४६

१२.४. निजामती सेवा ऐन, २०४९ (आचरण, विदा र सजाय सम्बन्धी व्यवस्था)

१२.५. पर्यटन नीति, २०६५

१२.६. नेपाल सरकारको संस्कृति नीति, २०६७

१३. पथ प्रदर्शन सम्बन्धी जानकारी

१३.१. परिभाषा

१३.२. पर्यटनको विकास र चरणहरु

१३.३. पर्यटकका प्रकारहरु

१३.४. शिष्टाचारको महत्व

१३.५. नेपालमा पर्यटनको विकास

वस्तुगत बहुउत्तर नमूना प्रश्नहरु (Sample Questions)

१.तलका मध्ये कुन बाइसी राज्य भित्र पर्दैन ?

(क) जाजरकोट (ख) भीरकोट

(ग) अछाम (घ) बझाङ

२. कर्णाली प्रदेशका कुन खस मल्ल राजाले काठमाण्डौ उपत्यकामा हमला गरेका थिए ?

(क) पृथ्वी मल्ल (ख) आदित्य मल्ल

(ग) जितारी मल्ल (घ) पुण्य मल्ल

३. सुर्खेत स्थित प्रसिद्ध काँक्रेबिहार मन्दिर कुन वास्तुशैलीमा बनेको छ ?

(क) प्यागोडा शैली (ख) गुम्बा शैली

(ग) बिहार वास्तुशैली (घ) शिखर

४. धान नाच कुन जातिको साँस्कृतिक पर्व हो ?

(क) थारु (ख) धिमाल

(ग) लिम्बु (घ) राजी

५. लुम्बिनीको प्रसिद्ध अशोक स्तभको शिलालेख कुन लिपीमा कुँदिएको छ ?

(क) देवनागरी (ख) रञ्जना

(ग) ब्राह्मी (घ) लिच्छबी